बागमती प्रदेश सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

हेटौंडा, मकवानपुर, नेपाल।

पत्र संख्या. : २०७९/०८०

च.नं. : ६६५

मिति २०७९/०९/२१

विषयः तह वृद्धिका लागि आवश्यक कागजात सम्बन्धमा ।

श्री कृषि विकास निर्देशनालय
हेटौंडा मकवानपुर
श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
हेटौंडा मकवानपुर
प्रदेश दुग्ध विकास बोर्ड
हेटौंडा मकवानपुर ।

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय हेटौंडाको प.स. क /३/१/५/२०७९/०८० च.नं. १२३२ मिति २०७९/०९/१८ को विषय तह वृद्धि बारेको प्राप्त पत्र एवम् प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ३० बमोजिम तह वृद्धिका लागि देहायमा उल्लेखित कागजात सहित प्रत्येक कर्मचारीको छुट्टाछुट्टै फाइलमा पठाउने व्यवस्था मिलाउन हुन निर्देशानुसार अनुरोध छ ।

देहायः-

- तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएको ।
- पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेको ।
- तह वृद्धिको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको ।
- पाचौ तहबाट छैठौं तहमाः सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण ।
- सातौ तहबाट आठौं तहमाः सेवा समुहसंग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण ।
- नवौ तहबाट दशौ तहमाः सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण ।
- शैक्षिक योग्यता सम्बद्धता निर्धारण गर्नु पर्ने भएमा सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ ।
- पछिल्लो पाँचवर्षको का.स.मू. फाराम कुन कुन कार्यालयमा दर्ता गरिएको हो सो कार्यालयको नाम र आ.व. खुलाई पठाउनुहुन ।

बागमती प्रदेश सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

हेटौंडा, मकवानपुर, नेपाल।

पत्र संख्या. : २०७९/०८०

च.नं. : ६६५

---

- तह वृद्धिका लागि आवश्यक आ.व. का का.स.मू:-

  आ.व. २०७४/०७५

  आ.व. २०७५/०७६

  आ.व. २०७६/०७७

  आ.व. २०७७/०७८

  आ.व. २०७८/०७९

- सम्बन्धित कर्मचारीको शुरु नियुक्ति पत्र, बढुवा नियुक्ति पत्र, प्रदेश तहमा समायोजन पत्र, पदस्थापन पत्र, हालको कार्यालयमा पदस्थापन/ सरुवा पत्र र PIS प्रिन्ट।
- सम्बन्धित कर्मचारीको तह वृद्धि सम्बन्धी निवेदन ।
- प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ३३ को (क) (ख) (ग) (घ) र सोहि ऐनको दफा ३४ को उपदफा १ बमोजिमको अवधिभर तह वृद्धि रोक्का गरिनेछ ।
- तह वृद्धिका लागि निवेदन २०७९ साल पुस मसान्तसम्म मन्त्रालयमा पठाउनु हुन ।

९/२९

ईन्दिरा पौडेल

शाखा अधिकृत